# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

प.सं. २०८२/०८३
च.नं. ५८६

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७२

मितिः २०८२/०५/०३

श्री वडा कार्यालयहरु सबै,
भरतपुर महानगरपालिका।

विषयः <u>भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको फाराम भर्ने म्याद सम्बन्धमा।</u>

प्रस्तुत विषयमा साबिकको भूमि सम्बन्धी समस्या समाधान आयोग तथा राष्ट्रिय भूमि आयोगले विभिन्न मितिमा प्रकाशित गरेको ३५ दिने म्याद भित्र निवेदन पेश गर्न छुट भएका भरतपुर महानगरपालिका भित्र बसोबास गर्ने **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी**हरुका निमित्त भूमि समस्या आयोगले २०८२/०४/३० गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा अन्तिम पटकका लागि **३५ दिने सूचना** अनुसार प्रकाशन गरे अनुसार तहाँ वडामा फाराम भर्न छुट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको फाराम भर्ने भराउने कार्य गर्नुहुन अनुरोध छ।

साथै विगतका आयोग समिति र कार्यदलका बाँकी कामको लागि निवेदन सम्बन्धी सूचना समेत सोहि मितिमा अन्तिम पटकका लागि ३५ दिने सूचना प्रकाशित भएकाले जिल्ला समितिको कार्यलयमा निवेदन पेश गर्न सकिने व्यहोरा अनुरोध छ।

.............................
(लक्ष्मी प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१२९३२/५३१२९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।